# घिरिङ गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८१/०८२ को दोश्रो चौमासिक अवधिमा सम्पादन भएका विकास र सेवाप्रवाह सम्बन्धि सार्वजानिक सुनुवाई कार्यक्रम

प्रतिबेदन

मितिः २०८१ चैत २२ गते, शुक्रबार

स्थानः घिरिङ गाउँपालिका वडा नम्बर १ को कार्यालय प्राङ्गण पुट्टार तनहुँ


सहजिकरणः लोकवाणी पब्लिकेशन प्रा.लि तनहुँ



## विषय-सुची


| क्र.स | शिर्षक |
|---|---|
| १ | घिरिङ गाउँपालिका परिचय |
| २ | विषय प्रवेश (सार्वजानिक सुनुवाईको परिचय) |
| ३ | सार्वजानिक सुनुवाई कार्यक्रमको उद्देश्य |
| ४ | सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी |
| ५ | सार्वजानिक सुनुवाई कार्यक्रम |
| ६ | सार्वजानिक सुनुवाई कार्यक्रमका सहभागीहरु |
| ७ | समिक्षा |
| ९ | सुझावहरु |
| १० | अनुसुचिहरु |
| | |

## १. घिरिङ गाउँपालिकाको परिचय




भिरालो धरातलिय स्वरुपले बनेको यस गाउँपालिका समुन्द्र सतहबाट ३०० मीटर देखि १००० मिटर सम्मको उचाईमा फैलिएर रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल करिब १२६ वर्ग किलोमीटर रहेको छ । विश्व मानचित्रमा यो गाउँपालिका २७’ ७०’ ६” देखि २७’ ५८’ ४८” सम्मको उत्तरी अक्षांस र ८४’ ०१’ २१” देखि ८४’ ०५’ १.०४” पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । यो पार्श्वचित्र तयार गर्दा साविक गजरकोट गा.वि.स.को वडा नं. २,४,५,६,७ र घिरिङ्ग सुन्धारा गा.वि.स को वडा नं. ३ को तथ्यांकहरु संकलन गरि हालको वडा नं. १ निर्माण भएको छ, साविक गजरकोट गा.वि.स.को वडा नं. १,३,८ र घिरिङ्ग सुन्धाराको २,८,९ गरि हालको वडा नं. २ निर्माण भएको, साविक घिरिङ्ग सुन्धाराको वडा नं. ४,५,६,७ साभुङ्ग भगवतीपुरको ८ र माझकोटको ६ गरि हालको वडा नं. ३ निर्माण भएको, साविक घिरिङ्ग सुन्धारा १, राम्जाकोट ९ र साभुङ्ग भगवतीपुर गा.वि.स १,५,९ गरि वडा नं. ४ निर्माण भएको र साविक साभुङ्ग भगवतीपुर गा.वि.स.को वडा नं. ३,४,६ र ७ गरि वडा नं. ५ नयाँ वडाहरु निर्माण भएको हो ।

यसरी यो गाउँपालिका साविक गजरकोट गा.वि.सको ८ वटा वडा, साभुङ्ग भगवतीपुर गा.वि.स को ८ वटा वडा घिरिङ्ग सुन्धाराको ९ वडा, राम्जाकोट गा.वि.स.को १ वटा वडा, माझकोट गा.वि.स.को १ वटा वडा मिलि बनेको छ । यस गाउँपालिकाको पूर्वमा ऋषिङ गाउँपालिका, पश्चिममा स्यांजा जिल्ला, उत्तर भिमाद ना.पा. र दक्षिणमा नवलपरासी बौदीकाली गाउँपालिका र पाल्पा जिल्लाको रामपुर नगरपालिका पर्दछन्। राजनैतिक विभाजनका हिसाबले यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं. ३ मा र इलाका नं. ९ अन्तरगत रहेको छ । यस गाउँपालिकाको प्रशासनिक कार्य साविक वडा नं. ६ र हालको वडा नं. ३ मा रहेको गाउँपालिकाको कार्यालयबाट हुने गरेको छ । (**श्रोतः गाउँपालिकाको वेवसाईट**)

## २. विषय बस्तुः (सार्वजानिक सुनुवाई कार्यक्रमको परिचय)

आफ्नो कार्यालयले वर्षभरिमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ लागु भएको छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक

सुनुवाई सम्बन्ध निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाइन्छ । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहीले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानिय तहहरु मार्फत संचालन भइरहेको वर्तमान अवस्थामा सघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ । उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाइको कुरालाई महत्वका साथ उठाएको छ । सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि सार्वजनिक कार्यक्रमलाई विशेष रुपमा लिएको छ ।

हाल ३ तहको सरकारको अभ्याससँगै गाउँ गाउँमा सिंहदरबार पुगेको छ । लामो समय देशले त्यही गाउँको सिंहदरबारले गरेका सेवा प्रवाह, विकास निर्माण लगायत नागरिकका सरोकारका विषयमा सार्वजानिक सुनुवाई गर्नु पर्ने व्यवस्था रहेको छ । देशका सार्वजनिक निकाय जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तव्यउन्मुख भोवर देश विकासको मुख्य आधार मान्न सकिन्छ । स्थानीय तहहरुले आफ्ना काम तथा कार्यक्रमको पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण सम्बन्धि छुट्टै कार्यविधि बनाई नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण गर्नुपर्ने हुन्छ । तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तव्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐनले सुशासनका लागि सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ । त्यसबाहेक हरेक सरकारी कार्यालयहरुको कामको गति र सुधारका क्षेत्र पत्ता लगाउन स्वअध्ययनको व्यवस्था पनि छ । त्यहाँ सार्वजनिक सुनुवाई अनिवार्य छ । हरेक स्थानीय तहको स्वमुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाईएको छ । नयाँ कार्यविधि तयार गरेर भए पनि सार्वजनिक सुनुवाई जस्ता पारदर्शीता सम्बन्धि कार्यक्रम सञ्चालन गनुपर्ने अवस्था रहेको छ ।

नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (सन्चालन तथा ब्यवस्थापन) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सन्चालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार सन्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले स्थानीय तहमा सार्वजनिक सुनुवाइ आयोजना गरिन्छ । स्थानीय सरकार सन्चालन ऐन-२०७४ दफा ७८ (५) मा सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । साथै स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ ले पनि चौमासिक रुपमा सार्वजानिक सुनुवाई गर्न निर्देश गरेको छ । यिनै पृष्ठभुमीको आधारमा यस घिरिङ गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८१/०८२ को दोश्रो चौमासिकको सार्वजानिक सुनुवाई सन्चालन गरिएको छ ।

**३ उद्देश्य :**

सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य यस घिरिङ गाउँपालिकाको आ.व. २०८१/०८२ को दोश्रो चौमासिक प्रगतिको समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो । कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ ।

- ➢ गाउँपालिकाबाट सन्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वजनिक गर्नु ।
- ➢ चौमासिक रुपमा गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रम, नीति, बजेट तथा सेवाको बारेमा नागरिकलाई जानकारी गराई नागरिकको सुझाव संकलन गर्ने
- ➢ गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।
- ➢ सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।
- ➢ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- ➢ स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- ➢ सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।
- ➢ समग्र गाउँपालिकाको आर्थिक सुधार र समृद्धीमा टेवा पुऱ्याउने ।
- ➢ जनमैत्री सेवाको विस्तार गर्न तथा नागरिकको सेवाप्रतिको विश्वास परिक्षण गर्ने

**३.१ सार्वजनिक सुनुवाई कार्यक्रमबाट निम्न अपेक्षा गरिएको छः**

१. गाउँपालिका र नागरिकहरुको सम्बन्ध अझ राम्रो हुने

२. कार्यसम्पादन गर्दा देखिएका राम्रा र नराम्रा दुबै पक्षको मुल्यांकन हुने

३. गाउँपालिकाको कार्य सम्पादनलाई अझ नागरिक मैत्री बनाईने ।

४. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।

५. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।

६. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

७. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

८. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

**३.२ लक्षित वर्ग, व्यक्ति र समुह**

१. गाउँपालिकाका सम्पुर्ण लाभग्राही तथा सेवाग्राहीहरु

२. गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु

३. सन्चारकर्मी लगायत सम्बन्धित सम्पुर्ण सरोकारवालाहरु

**४.सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी (अनुसुची ४)**

सार्वजानिक सुनुवाई कार्यक्रम सन्चालन गर्ने तयारी स्वरुप गाउँपालिकाले चैत १९ गते सार्वजानिक सुचना प्रकाशित गरेको थियो । त्यसपछि सहजकर्ता संस्थाको कार्यालयबाट गाउँपालिकाको कार्यालय र विभिन्न वडाहरुमा गई नागरिक अभिमत प्रतिबेदन तयारी स्वरुप नागरिक सर्वेक्षण गरिएको थियो । गाउँपालिकाले पनि कार्यक्रमको तयारी स्वरुप शाखा प्रमुखहरुको बैठक आयोजना गरेको थियो ।

**घिरिङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**विषयः- सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारेको सुचना ।**

**प्रस्तुत विषयमा घिरिङ गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को दोश्रो चौमासिक अवधीको सार्वजनिक सुनुवाई कार्यक्रम तपशिलको मिति, समय र स्थानमा आयोजना गरिने भएकोले गाउँपालिका क्षेत्र भित्र क्रियाशिल राजनितिक दल, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख वा प्रतिनिधि, तथा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी बैंक तथा वित्तिय संस्थाका प्रमुख वा प्रतिनिधि, पत्रकार तथा सञ्चारकर्मी टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधि उपभोक्ता समितिका पदाधिकारी लगायत सरोकारवालाहरुका लागि यो सूचना प्रकाशन गरिएको छ । यसै सूचनालाई आधार मानी उपस्थितिका लागि समेत सादर निमन्त्रणा गरिन्छ ।**

**तपशिल**

**मितिः-२०८१-१२-२२**

**समयः- विहानको ११ बजे देखि**

**स्थानः- १ नं वडा कार्यालय, पुट्टार**

**बोधार्थः- अध्यक्षज्यू, उपाध्यक्ष, वडाध्यक्षज्यूहरु सबै प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु सबै**

**जवाफदेही वक्ताको रुपमा उपस्थितिका लागि अनुरोध छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

**(कृष्ण प्रसाद ढकाल)**

# घिरिङ गाउँपालिका
## Ghiring Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipal Executive

पोखरीचाप, तनहुँ
Pokharichap, Tanahun

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या / Reference No.: २०८१/०८२
चलानी नं/Dispatch No

मितिः-२०८१/१२/१९

## विषयः- सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारेको सुचना ।

प्रस्तुत विषयमा घिरिङ गाउँपालिकाको चालु आ. व. २०८१/०८२ को दोस्रो चौमासिक अवधीको सार्वजनिक सुनुवाई कार्यक्रम तपशिल को मिति, समय र स्थानमा आयोजना गरिने भएकोले गाउँपालिका क्षेत्रभित्र क्रियाशिल राजनितिक दल, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख वा प्रतिनिधि, तथा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी बैंक तथा वित्तिय संस्थाका प्रमुख वा प्रतिनिधि, पत्रकार तथा सञ्चारकर्मी टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधि उपभोक्ता समितिका पदाधिकारी लगायत सरोकारवालाहरुका लागि यो सूचना प्रकाशन गरिएको छ । यसै सूचनालाई आधार मानी उपस्थितिका लागि समेत सादर निमन्त्रणा गरिन्छ ।

**तपशिल**

मितिः-२०८१-१२-२२
समयः- विहानको ११ बजे देखि
स्थानः- १ नं वडा कार्यालय, पुट्टार

बोधार्थः- अध्यक्षज्यू ,उपाध्यक्ष, वडाध्यक्षज्यूहरु सबै ,प्रमुख प्रशासकीय अधिकृत ,शाखा प्रमुखहरु सबै जवाफदेही वक्ताको रुपमा उपस्थितिका लागि अनुरोध छ ।

..............................
(कृष्ण प्रसाद ढकाल)
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**५.कार्यक्रमको विस्तृत विवरण**




घिरिङ गाउँपालिकाको आयोजना तथा लोकवाणी पब्लिकेशन प्रालिको सहजिकरणमा आर्थिक वर्ष २०८१/०८२ को दोश्रो चौमासिक अवधिको सार्वजानिक सुनुवाई कार्यक्रम २०८१ चैत २२ गते शुक्रबार वडा नम्बर १ को कार्यालय प्राङ्गण पुट्टारमा सम्पन्न भयो । चालु आर्थिक वर्षको दोश्रो चौमासिक अवधिमा गाउँपालिकाले सम्पादन गरेको विकास आयोजना, सेवा प्रवाह तथा बजेट खर्च लगायतको बारेमा सार्वजानिक सुनुवाई गरिएको थियो ।

उक्त सार्वजानिक सुनुवाई कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले सिमित श्रोत र साधनको बाबजुद घिरिङ गाउँपालिकालाई सबै दृष्टिले सम्पन्न र समृद्ध बनाउन आफुहरु लागि परेको बताउनुभयो । शिक्षाको गुणस्तरमा बृद्धी, १० शैयाको आधारभुत अस्पतालको निर्माण, कृषि र पशुपालनको व्यवसायीकरण तथा उत्पादनमा आधारित अनुदान, ग्रामिण सडकहरुको स्तरोन्नती, आन्तरिक आम्दानीमा बृद्धी, कृष्णमार्गको कालोपत्रे गर्ने गर्ने गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेको अध्यक्ष थापाले बताउनुभयो ।

त्यसैगरि अदुवा प्रशोधन केन्द्र स्थापना, प्रतिबन्धित घाटहरुको सन्चालन, एक घर एक धारा, सुख्खा टारहरुमा सिंचाई, बेरुजु अन्त्य, एम्बुलेन्सको सहजता तथा कालिगन्डकी डाईभर्सन गर्न रोक लगाउने जस्ता कार्यहरुलाई पनि प्राथमिकता दिईएको अध्यक्ष थापाले बताउनुभयो । अध्यक्ष थापाले सबै राजनीतिक दल, संघ संस्था तथा विभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि काम भईरहेको जानकारी दिनुभयो । गाउँपालिकामा स्थानीय पाठ्यक्रम तयार भएको र आगामी शैक्षिक सत्रबाट लागुहुने अध्यक्ष थापाले जानकारी दिनुभयो ।

वडा नम्बर १ अन्य वडा भन्दा जनघनत्व धेरै भएको र विकासको प्रचुर सम्भावना समेत भएको भन्दै यस वडामा सन्चालित कालिगन्डकी बहुप्राविधिक शिक्षालय, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर, अत्रौली-पुट्टार सिंचाई आयोजना, शालिग्राम संग्रहालय आदि गौरवको विषय भएको अध्यक्ष थापाले बताउनुभयो । कालिगन्डकी बहुप्राविधिक शिक्षालयमा अध्ययनको लागि गाउँपालिकाको उत्कृष्ट विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था गर्ने, कोल्डस्टोर्स सन्चालन गर्ने, अत्रौली-पुट्टार सिंचाई आयोजना सम्पन्नको लागि संघ र प्रदेश सरकारमा अनुरोध गर्ने अध्यक्ष थापाले बताउनुभयो ।

गाउँपालिकाकी उपाध्यक्ष राधादेवी अधिकारीले सार्वजानिक सुनुवाई कार्यक्रमले गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी दिने र नागरिकहरुको सुझाव ग्रहण गर्न पाईने बताउनुभयो ।



कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले दोश्रो चौमासिकको अवधिमा गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी गराएका दिनुभएको थियो । ढकालले पहिलो चौमासिकमा योजना छनौट र योजना सम्झौता, बेरुजु नियन्त्रण जस्ता कार्य नै प्राथमिकतामा पर्ने बताउनुभयो । ढकालका अनुसार गाउँपालिकाको हालसम्मको बेरुजु रकम ९ करोड २५ लाख रहेको र त्यसलाई क्रमशः कम गर्दै लगिनेछ । १० शैयाको अस्पताल निर्माणकोलागि जग्गा प्राप्ती भईसकेको भन्दै प्रमुख प्रशासकीय अधिकृत ढकालले आगामी आर्थिक वर्षबाट अस्पताल निर्माण कार्य सुरु गरिने बताउनुभयो ।




उक्त कार्यक्रममा वडा नम्बर १ का अध्यक्ष रविचन्द्र घोरासिनीले वडाबाट सम्पन्न भएका कामहरुको बारेमा जानकारी दिदैं वडा नम्बर १ मा विकासको प्रचुर सम्भावना भएको भन्दै गाउँपालिकाले पनि वडा नम्बर १ लाई विशेष महत्व दिनुपर्ने बताउनुभयो ।




उक्त कार्यक्रममा नेकपा एमालेका राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदका सदस्य विष्णुभक्त सिग्देलले गाउँपालिकाका परिपक्क नेतृत्व हुँदा कामहरु पनि राम्रो भएको बताउनुभयो ।



सिग्देलले भौतिक पुर्वाधारमा जोड दिनुपर्ने, कृष्णमार्गलाई कालोपत्रे गर्न पहल गरिनुपर्ने, आन्तरिक आम्दानीलाई बढाउन पहल गर्नुपर्ने, गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने, शालिग्राम करिडोरको गुणस्तरमा ध्यान दिनुपर्ने, स्वच्छ खानेपानी तथा एक घर एक धारामा जोड दिनुपर्ने, युवा पलायन रोक्नुपर्ने, स्थानीय कला र संस्कृतीको संरक्षण गर्नुपर्ने, ठुला फाँटहरुमा सिंचाई सुविधा लैजानु पर्ने तथा घिरिङ गाउँपालिकाको जिवनसँग जोडिएको कालिगन्डकी डाइभर्सनको योजनालाई रोक्नुपर्ने जस्ता सुझावहरु दिनुभएको थियो ।



सो कार्यक्रममा नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि तथा पुर्व वडा अध्यक्ष गंगाराम कुमाल, नेकपा एमाले जिल्ला कमिटिका सचिवालय सदस्य इन्द्र थापा, एमाले घिरिङ गाउँ कमिटिका अध्यक्ष सुमनकुमार श्रेष्ठ, नेकपा माओवादीका गाउँ कमिटिका उपाध्यक्ष रामजी अर्याल लगायतले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सडक, पुर्वाधार, मोटरेवल पुल, सामुदायिक भवन निर्माण, सिंचाई, कालीगन्डकी डाइभर्सनको योजना रोक लगाउनुपर्ने लगायतका विषयमा जिज्ञासा, सुझाव र धारणाहरु राख्नुभएको थियो । उक्त कार्यक्रमको सहजिकरण लोकवाणी दैनिकका सम्पादक प्रकाशचन्द्र भट्टराईले गर्नुभएको थियो ।





**अनुसुची ३.**

**सार्वजानिक सुनुवाई कार्यक्रममा पालन गर्नु पर्ने आचार संहिता**

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नु पर्दछ ।

२. सहभागीले प्रश्न या सुझाव के राख्ने हो स्पष्ट राख्नु पर्दछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न या जिज्ञासा राख्नुपर्दछ ।

४. सेवाग्राही सहभागी नागरिक धेरैलाई प्रश्न गर्न समयदिनु पर्ने भएकोले बुँदागतरुपमा छोटकरीमा प्रश्न राख्नुपर्छ ।

५. आफुभन्दा पहिलेका सहभागीले बोलेको कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमती लिएर थप प्रश्न गर्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति पनि लान्छनायुक्त आरोप लगाउन पाइनेछैन ।

८. वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने गरि वा बदलाको भावनाबाट भनाई या प्रश्न राख्न पाईनेछैन ।

९. राजनीतिक आग्रह या पुर्वाग्रहबाट प्रश्न सोध्न पाईने छैन ।

१०. कार्यक्रमलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागी सचेत बन्नु पर्छ ।

**९.सुझावहरु**

**सार्वजानिक सुनुवाई कार्यक्रममा सहभागीहरुले विभिन्न विषयमा जिज्ञासा तथा सुझाबहरु दिनु भएको थियो :**

एसइईको नतिजा सुधारको लागि योजना बनाएर काम गर्नुपर्छ ।

-घुमाउने ताल अधुरो भएको छ, यसमा धेरै रकम खर्च भईसकेको छ। यो ताल चाँडो भन्दा चाँडो पुरा गर्नुपर्छ।

-विद्यालयको गुणस्तरमा ध्यान दिनुपर्छ।

-विद्यार्थी कम भएका विद्यालय मर्ज गर्ने नीति बनाउनुपर्छ।

-लिफ्टिङ खानेपानी योजनालाई प्राथमिकता दिनुपर्छ।

-स्थानीय पाठ्यक्रम चाँडो निर्माण गर्नुपर्छ।

-युवा पलायनको लागि सिपमुलक तालिमको आवश्यकता छ।

-स्थानीय युवा उद्यमी र कृषकहरुलाई स्थानीय सरकारले सहयोग गर्नुपर्छ।

-एक घर एक धारा योजना पुरा गर्नुपर्छ।

-खेर गएको जमिन सदुपयोगको लागि नीति बनाउनुपर्छ।

-सहकारीको नियमित अनुगमन गर्नुपर्छ।

-आन्तरिक आम्दानी बढाउन घाटहरु व्यवस्थित गर्नुपर्छ।

-बाटो कालोपत्रे गर्न जोड दिनुपर्छ।

-आय आर्जन र आन्तरिक आम्दानी बढाउन पहल गर्नुपर्छ।

-अदुवा प्रशोधनको उद्योग स्थापना गर्नुपर्छ।

-योजनाको भुक्तानी छिटो भन्दा छिटो हुनुपर्छ

-बसाई सराईको कार्यक्रम नरोक्ने हो भने गाउँ रित्तो हुन्छ।

-कालिगन्डकी डाइभर्सनको योजना रोक्न लाग्नुपर्छ।

-सामुदायिक वनको आम्दानी लिनुपर्छ।

-बाटोको मापदण्ड तय गर्नुपर्छ।

-कृष्णमार्गको मुद्धा छिटो टुंग्याउन पहल गर्नुपर्छ।

-एसएलसीको नतिजामात्र अपेक्षा गरेर भएन, शिक्षकहरुलाई तालिम पनि दिनुपर्छ।

-कोल्ड स्टोर सन्चालन गर्नुपर्छ।

-उत्पादनलाई जोड दिनुपर्छ।

-घाटा बजेटलाई पुर्ती गर्ने व्यवस्था मिलाउनु पर्छ।

-बेरुजु घटाउनुपर्छ।

-बजेट बाँडफाँडमा कुनै पनि वडालाई विभेद गर्नु हुँदैन।

-एम्बुलेन्सको भाडा महंगो भएको छ, घटाउनुपर्छ।

-भौतिक पुर्वाधारमा जोड दिनुपर्छ।

-कृष्णमार्ग कालोपत्रे गर्नुपर्छ ।

-शालिग्राम करिडोरलाई गौरबको आयोजनाको रुपमा सन्चालन गर्नुपर्छ । यो करिडोरमा बजेट विनियोजन गर्नुपर्छ ।

-स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्नुपर्छ ।

-ठुला फाँटहरुमा सिंचाई योजनालाई जोड दिनुपर्छ ।

-अदुवा प्रशोधन केन्द्र बनाउन पहल गर्नुपर्छ ।

-कालिगन्डकी करिडोर रोक्नकोलागि पहल गर्नुपर्छ ।

-गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ ।

-व्यावसायिक कृषिलाई प्राथमिकता दिनुपर्ने, उत्पादनमा आधारित अनुदानलाई बढवा दिनुपर्छ ।

-स्वास्थ्य चौकीमा दक्ष स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था गर्नुपर्छ ।

-स्वच्छ खानेपानीको प्रबन्ध गर्नुपर्छ ।

-सुख्खाटारहरुमा सिंचाईको प्रबन्ध गर्नुपर्छ ।

-खरको छाना पुर्णरुपमा विस्थापित गर्नुपर्छ ।

-विकास, योजना र सेवा सविधालाई आवश्यकताका हिसाबले सबै वडामा न्यायपूर्ण वितरण गर्नुपर्छ ।

-वर्षायाममा ग्रामिण सडकहरु सँधै अवरुद्ध हुने हुँदा १२ महिना नै सडक सन्चालन हुने वातावरण बनाउनु पर्छ ।

-आन्तरिक आम्दानीको श्रोत बढाउनुपर्छ ।

-वडा कार्यालय र पालिकामा भएका कुनै पनि तालिमहरुको बारेमा जानकारी नपाएको ।

-भेटेरीनरी कार्यालयबाट पाउने सुविधा पालिकाबाट मात्र दिँदा प्रभावकारी नभएको ।

-सार्वजानिक जमिनको संरक्षण हुनुपर्ने ।

-गिटी, बालुवा र ढुङ्गाको राजश्व संकलन प्रभावकारी बनाउनुपर्ने ।

-जातिय भेदभाव सम्बन्धि कार्यक्रम पालिकाले सन्चालन गर्नुपर्ने ।

-धुलिखेल अस्पतालबाट राम्रो सेवा नपाएको ।

-धुलिखेल अस्पतालमा राती विरामी लैजाँदा झर्कने गरेको, चिकित्सकहरु नभेटिने ।

-धुलिखेल अस्पतालमा स्वास्थ्य विमाको सुविधाको सुविधा पहल गर्नुपर्ने ।

-प्रहरी चौकी पुट्टारमा पहिला प्रहरीको पनि व्यवस्था गर्नुपर्ने ।

-सानो हावाहुरी चल्नासाथ विजुली बत्ती बन्द हुने गरेको ।

-टुक्रे योजना भन्दा पनि ठुला योजना सन्चालन गर्नुपर्ने ।

-कालिगन्डकी बहुप्राविधि शिक्षालयमा गाउँपालिकाले छात्रबृत्ती उपलब्ध गराएर विद्यार्थी भर्नागर्नु पर्ने । नत्र विद्यार्थीको अभावमा बन्द हुने डर छ ।

-स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने ।

-चारित्रिक प्रमाणपत्रमा विद्यालय अनुसार फरक फरक शुल्क लिने गरेको छ, त्यसलाई हटाउनुपर्ने ।

-पालिकाको जेसिभी आवश्यक परेको समयमा उपलब्ध हुनुपर्ने ।

-अर्जेल खोलामा पुल बनाउनुपर्ने ।

-अत्रौली-पुट्टार सिचाई योजनामा पर्याप्त बजेट प्राप्त नहुने ।

-माटो परिक्षण गरेपनि माटोको लागि आवश्यक पर्ने चुना, पोटास, डिपिसी अनुदानमा उपब्ध गराउनुपर्ने ।

-कोल्ड स्टोर्स सन्चालन गर्नुपर्ने ।

-खानेपानीको अभाव छ, त्यसलाई हटाउनुपर्ने ।

-कृषि औजारमा ५० प्रतिशत अनुदान भनेपनि व्यक्तिले खरिद गर्ने भन्दा धेरै पर्न जाने ।

-शाखामा बिनियोजित बजेट सदुपयोग भए नभएको बारेमा अनुगमन गर्नुपर्ने ।

-अस्पतालमा सिटामोल समेतको अभाव छ ।

-योजना बाँडफाँड गर्नुअघि अनुगमन गरिनुपर्ने ।

-घिरिङ स्वास्थ्य चौकी अत्रौलीटारमा विरामीको अत्याधिक चाप भएकोले एमविविएस डाक्टरको व्यवस्था गर्नुपर्ने ।

-विद्यालयको भवन मर्मत तथा निर्माण गर्नुपर्ने ।

-दलित महिलाको भवन निर्माण गर्नुपर्ने ।

-लिफ्टिङ खानेपानीको व्यवस्था गर्नुपर्ने ।

**अनुसुची १**

**गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाको प्रतिबेदन**




१.गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखेको छ। प्रमुख सडकको मुद्धाले निर्माण रोकिए पनि शाखा बाटो पालिकाले बनाउने काम गरिरहेको छ।

२.पालिकाभित्र सुविधा सम्पन्न विद्यालय भवनहरु बनिरहेका छन्।

४ स्वास्थ्य चौकीको स्तरोन्नति भइरहेको छ।

८ व्यावसायिक कृषिलाई बढवा दिन बिऊ तथा हाते ट्याक्टर वितरण गरिरहेको छ। अनुदानमा कृषि औजार पनि प्रदान गरेको छ।

६ गाउँबाट अन्य सहर वा जिल्लामा उपचार गराउन जानु परे पालिकाले सुलभ दरमा एम्बुलेन्स सेवा उपलब्ध गराएको छ। ज्येष्ठ नागरिक र सुत्केरीलाई निशुल्क छ।

७ अदुवा किसानलाई ५ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको छ।

८. गाउँपालिका कार्यालयको संरचना राम्रो बनिरहेको छ, परिसर पनि सुन्दर बनेको छ।

९ न्यायिक समितिले मेलमिलापको प्रयास गरिरहेको छ।

१०. विकास, योजना र सेवा सविधालाई आवश्यकताका हिसाबले गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखेको छ। प्रमुख सडकको मुढाले निर्माण रोकिए पनि शाखा बाटो पालिकाले बनाउने काम गरिरहेको छ।

११. सिमित श्रोत र साधनको बाबजुद घिरिङ गाउँपालिकालाई सबै दृष्टिले सम्पन्न र समृद्ध बनाउन लागेका छौं।

१२.शिक्षाको गुणस्तरमा बृद्धी गर्ने छौं।

१३. १० शैयाको आधारभुत अस्पतालको निर्माणको लागि जग्गा प्राप्ती भएको छ, अव आगामी आर्थिक वर्षबाट भवन बनाउँछौं।

१४. कृषि र पशुपालनको व्यवसायीकरण तथा उत्पादनमा आधारित अनुदानलाई वढावा दिन्छौं।

१५.ग्रामिण सडकहरुको स्तरोन्नती गरेका छौं ।

आन्तरिक आम्दानीमा बृद्धी, कृष्णमार्गको कालोपत्रे गर्ने गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेको छ ।

१६.अदुवा प्रशोधन केन्द्र स्थापना गर्ने छौं ।

१७. कालिगन्डकी नदीका घाटहरुमा आगामी आर्थिक वर्षबाट ठेक्का लगाउछौं ।

१८.एक घर एक धारालाई प्राथमिकता दिएका छौं ।

१९. बेरुजुको अन्त्यलाई मुख्य प्राथमिकतामा राखेका छौं ।

२०. सुख्खा टारहरुमा सिंचाईको लागि संघ र प्रदेश सरकारको पहलमा अत्रौली-पुट्टार सिंचाई योजनालाई सम्पन्न गर्छौं ।

२१.कालिगन्डकी डाईभर्सन गर्न रोक लगाउको लागि नदी तटका स्थानीय तहसँग सहकार्य र छलफल गर्छौं ।

२२. गाउँपालिकामा स्थानीय पाठ्यक्रम तयार भएको र आगामी शैक्षिक सत्रबाट लागु गरिनेछ ।

२३. प्राविधिक शिक्षा लिने विद्यार्थीलाई छात्रबृत्ति दिन्छौं ।

**गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालको प्रतिबेदन**




१. शिक्षक र कर्मचारीलाई सययमै निकाशा भइरहेको छ ।

२. शैक्षिक गुणस्तरका लागि शिक्षकलाई पुनर्ताजकी दिएको तालिम प्रभावकारी भइरहेको छ ।

३. खानेपानीका क्षेत्रमा क्रमश सुधार भइरहेको छ ।

४. खरको छाना विस्थापित गर्ने क्रम चलिहरको छ ।

५. पालिकाभित्र सुविधा सम्पन्न विद्यालय भवनहरु बनिरहेका छन् ।

६. स्वास्थ्य चौकीको स्तरोन्नति भइरहेको छ ।

७. व्यावसायिक कृषिलाई बढवा दिन बिऊ तथा हाते ट्याक्टर वितरण गरिरहेको छ । अनुदानमा कृषि औजार पनि प्रदान गरेको छ ।

८. गाउँबाट अन्य सहर वा जिल्लामा उपचार गराउन जानु परे पालिकाले सुलभ दरमा एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । ज्येष्ठ नागरिक र सुत्केरीलाई निशुल्क छ ।

९. अदुवा किसानलाई ५ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

१०. गाउँपालिका कार्यालयको संरचना राम्रो बनिरहेको छ, परिसर पनि सुन्दर बनेको छ ।

११. न्यायिक समितिले मेलमिलापको प्रयास गरिरहेको छ ।

१२. शिक्षक र कर्मचारीलाई सययमै निकाशा भइरहेको छ ।

१३. शैक्षिक गुणस्तरका लागि शिक्षकलाई पुनर्ताजकी दिएको तालिम प्रभावकारी भइरहेको छ ।

१४ खानेपानीका क्षेत्रमा क्रमश सुधार भइरहेको छ ।

१५. खरको छाना विस्थापित गर्ने क्रम चलिहरको छ ।

१६. अत्रौली, पुट्टार, गडौली, वैडीलगायतका टारहरुमा सिंचाइको व्यवस्था प्रभावकारी रुपमा सञ्चालन भइरहेको छ ।

१७. तोकिएको शुल्कभन्दा अतिरिक्त शुल्क तिर्नु परेको छैन ।

१८ शैयाको आधारभुत अस्पतालको निर्माणको लागि जग्गा प्राप्ती भएको छ, अव आगामी आर्थिक वर्षबाट भवन बनाउँछौं ।

१९. बेरुजुको अन्त्यलाई मुख्य प्राथमिकतामा राखेका छौं ।

**कार्यक्रम सन्चालन तालिकाः**

| **क.स** | **कार्यक्रम** | **सम्बन्धित व्यक्ति** |
|---|---|---|
| **१** | **कार्यक्रमको सन्चालन** | सहजकर्ताः प्रकाशचन्द्र भट्टराई (लोकवाणी पब्लिकेशन प्रालि) |
| **२** | **कार्यक्रमको अध्यक्षताः** | गाउँपालिकाका अध्यक्ष : होमबहादुर थापा |
| **३** | **अतिथीहरुः आसन ग्रहण** | १.उपाध्यक्षः राधादेवी अधिकारी<br>२.प्रमुख प्रशासकीय अधिकृतः कृष्णप्रसाद ढकाल<br>वडा अध्यक्षहरुः<br>वडा नम्बर १ का वडा अध्यक्षः रविचन्द्र घोरासिनी<br>वडा नम्बर २ का वडा अध्यक्षः नरबहादुर थापा<br>वडा नम्बर ३ का वडा अध्यक्षः तलहसिंह थापा |

| | | |
|---|---|---|
| | | वडा नम्बर ४ का वडा अध्यक्षः भिमबहादुर कुमाल<br>वडा नम्बर ५ का वडा अध्यक्षः विष्णुविर आले<br>**कार्यपालिका सदस्यहरुः**<br>१ भुवन सिंह विक<br>२.टोपबहादुर रामदान<br>३.पार्वती विक<br>४.सरिता विक<br>५.रिमा कुमाल<br>६.इश्वरी श्रेष्ठ<br>तथा गाउँपालिकाका सम्पुर्ण सदस्यहरु |
| ४ | **अन्य अतिथीहरु (राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु) आसन ग्रहण** | १.रनबहादुर रानाः निवर्तमान गाउँपालिका अध्यक्ष<br>२.विष्णुभक्त सिग्देलः नेकपा एमाले महाधिवेशन प्रतिनिधि<br>३.इन्द्रबहादुर थापाः नेकपा एमाले जिल्ला सचिवालय सदस्य<br>४.सुमनकुमार श्रेष्ठः नेकपा एमाले गाउँ कमिटि अध्यक्ष<br>५.यामबहादुर थापाः नेपाली काँग्रेस गाउँ कार्य समिति सभापती<br>६.गंगाराम कुमालः महाधिवेशन प्रतिनिधि, नेपाली काँग्रेस<br>७.पशुपती पोखेल : जिल्ला सदस्य नेपाली काँग्रेस<br>८.लक्ष्मी बस्ताकोटीः नेपाली काँग्रेस क्षेत्रीय सदस्य<br>९.चुननारयण श्रेष्ठ : अध्यक्ष नेकपा माओवादी केन्द्र गाउँ कमिटि<br>१०. रामजी अर्यालः उपाध्यक्ष नेकपा माओवादी केन्द्र<br>११.हरि अधिकारीः प्रदेश कमिटि सदस्य, नेकपा माओवादी केन्द्र |
| ५ | **शाखा प्रमुखहरु** | १.कृष्णप्रसाद रिमालः स्वास्थ्य शाखा प्रमुख<br>२.अमृत श्रेष्ठः पुर्वाधार शाखा प्रमुखः<br>३.रवि रामदामः कृषि शाखा शाखा<br>४.मनोज श्रेष्ठः पशु विकास शाखा प्रमुख |

| | | |
|---|---|---|
| | | ५.सरोज शाहः कानुनी सहजकर्ता |
| ६ | **अन्य अतिथीहरु (विद्यालयका प्रअहरु) आसन ग्रहण** | १.प्रअ कृष्ण मावि<br>२.कालिगन्डकी बहुउद्देश्यीय प्राविधिक शिक्षालय प्रमुख<br>३.दिपक मावि प्रअ<br>४.इआरसिएन कोईका प्रमुख<br>५.गुँदीफच्याङ आधारभुत विद्यालय प्रअ<br>६.लक्ष्मी आधारभुत विद्यालय प्रअ<br>७.ज्ञान मन्जरी आधारभुत विद्यालय प्रअ<br>८.सरस्वती आधारभुत विद्यालय प्रअ<br>९.इनलाइट बोर्डिङ स्कुल प्रअ |
| ७. | **अतिथीहरु (अन्य संघ संस्थाका प्रतिनिधिहरु) आसन ग्रहण** | १.अध्यक्षः उर्वरा कृषि सहकारी संस्था<br>२.इन्चार्जः पुट्टार प्रहरी चौकी<br>३.अध्यक्षः कालीगन्डकी कृषि सहकारी संस्था<br>४.अध्यक्ष एसिसिसि व्यवस्थापन समिति<br>५.अन्जान परियारः प्रेस सल्लाहाकार, घिरिङ गाउँपालिका<br>६. कमल अधिकारीः स्थानीय पत्रकार<br>७. रामप्रसाद श्रेष्ठः स्थानीय पत्रकार<br>८.टोल विकास संस्थाका अध्यक्षहरु<br>९.मेलमिलाप सहजकर्ताहरु<br>१०.खानेपानी तथा सरसफाई समिति, सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षहरु |
| ८ | **स्वागत मन्तव्यः** | राधादेवी अधिकारी, उपाध्यक्षः घिरिङ गाउँपालिका |
| ९. | **राष्ट्रिय गान** | सबै सहभागीहरुबाट |
| १० | **शहिदप्रति श्रद्धान्जली** | सबै सहभागीहरुबाट |
| ११ | **उद्घाटन** | व्यानर पढेर कार्यक्रमको अध्यक्ष गाउँपालिकाका अध्यक्षबाट |

| | | |
|---|---|---|
| १२ | **कार्यक्रमको उद्देश्यबारे जानकारी** | सहजकर्ताः प्रकाशचन्द्र भट्टराईबाट |
| १३ | **क) वडा नम्बर १ को कार्यालय बाट सम्पादित कामहरुको बारेमा जानकारी**<br>**ख) गाउँपालिकाबाट प्रथम चौमासिकको अवधिमा सन्चालन भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा जानकारी प्रदान** | क) वडा नम्बर १ को अध्यक्षः रविचन्द्र घोरासिनी<br>ख) प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालबाट |
| १४ | **आचार संहिताबारे जानकारी** | सहजकर्ता : प्रकाशचन्द्र भट्टराईबाट |
| १५ | **नागरिक अभिमतबारे जानकारी** | सहजकर्ता : प्रकाशचन्द्र भट्टराईबाट |
| १६ | **गाउँपालिकाको सेवा तथा विकास निर्माणबारे सुझाव तथा जिज्ञासा प्रस्तुत** | **१.मणीप्रसाद खनाल**<br>-अत्रौली-पुट्टार सिंचाइ योजनाको लागि पर्याप्त रकम आएन<br>-गाउँपालिकाको रकमले मात्र पुग्दैन, संघ र प्रदेश सरकार समक्ष पनि बजेट माग्नुपर्छ । |
| | | **२.हिमाल तामाङ**<br>-कालिगन्डकी बहुप्राविधिक शिक्षालयमा विद्यार्थी संख्या निकै कम भएको छ । गाउँपालिकाले छात्रबृत्ती उपलब्ध गराएर विद्यार्थीलाई भर्ना हुने वातावरण बनाउनु पर्छ । |
| | | **३.लक्ष्मी वस्ताकोटी**<br>-पुट्टार प्रहरी चौकीमा महिला प्रहरीको व्यवस्था गर्नुपर्छ । |
| | | **४.खिमकर्ण ढकाल**<br>-स्थानीय पाठ्यक्रम लागुगर्नुपर्छ ।<br>-कृष्णमार्गको मुद्धा छिटो टुंग्याउनुपर्छ ।<br>-चारित्रिक प्रमाणपत्रको शुल्क विद्यालय पिच्छे फरक फरक छ, एकरुपता हुनुपर्छ । |
| | | **५.रघुनाथ लम्साल**<br>-कालीगन्डकीको रोयल्टी उठाउन सकिएको छैन । |

| | | |
|---|---|---|
| | | -धुलिखेल अस्पताललमा राम्रो सेवा पाईदैन । |
| | | **६.होमनाथ सिग्देल**<br>-खानेपानीको निकै अभाव छ, कालिगन्डकीबाट लिफ्टिङ खानेपानीको सुविधा हुनुपर्छ । |
| | | **७.दामोदर पोखेल**<br>-विकास खर्च न्युनछ ।<br>-अर्याल खोलाको पुलको काम कहिले बन्छ ?<br>-टुक्रे योजना भन्दा ठुला योजनामा ध्यान दिनुपर्छ ।<br>-कृषि औजारमा ५० प्रतिशत अनुदान भनेपनि बाहिर व्यक्तिले खरिद गर्दा जस्तै मुल्य परेको छ । |
| | | **८.रामजी अर्याल**<br>-घाटहरुबाट गिटी बालुवा बोक्ने ट्याक्टरहरुले सडक विगारेका छन् ।<br>-शाखामा विनियोजित बजेटको अनुगमन गर्नुपर्छ ।<br>-स्वास्थ्य सस्थामा सिटामोल छैन । |
| | | **९.शिवलाल खनाल**<br>-पोलमा बत्तिको व्यवस्था गाउँपालिकाले गर्नुपर्छ । |
| | | **१०.निलकण्ठ भण्डारी**<br>-योजना बाँडफाँड गर्नु अघि अनुगमन गरिनुपर्छ ।<br>-आधारभुत स्वास्थ्य चौकी पुट्टारमा विरामीको अत्याधिक चाप परेको हुँदा एमविविएस डाक्टरको व्यवस्था हुनुपर्छ । |
| | | **११. गुणनीधि सिग्देल**<br>-१ हजार घरधुरी लाभान्भित हुने अत्रौली-पुट्टार सिंचाई योजनाकोलागि पर्याप्त बजेट उपलब्ध हुनुपर्छ ।<br>-अत्रौली आधारभुत विद्यलयको भवन जिर्णछ ।<br>-प्रहरी गस्ती बढाउनु पर्छ ।<br>-खुल्ला र सार्वजानिक जग्गाको संरक्षण हुनुपर्छ । |
| | | **१२.बसन्त थापा**<br>-बोर्डिङ स्कुलहरुलाई पनि गाउँपालिकाले अनुदानको व्यवस्था गर्नुपर्छ । |

| | | |
|---|---|---|
| | | **१३.गिता सुनार**<br>-दलित महिला समुहको भवन निर्माणकोलागि बजेट विनियोजन गर्नुपर्छ । |
| | | **१४.बुद्धिमान थापा**<br>-योजनाहरुको प्रभावकारी कार्यान्वयन र अनुगमन गरिनुपर्छ । |
| | | **१५.बाबुराम भट्टराई**<br>-वडाको जनसंख्याको आधारमा बजेट छुट्याउनुपर्छ ।<br>-खानेपानीको निकै अभाव छ, कालिगन्डकीबाट लिफि्टङ खानेपानीको सुविधा हुनुपर्छ । |
| | | **१६.देवराज पोखेल**<br>-खानेपानी योजनाहरु चाँडै सम्पन्न गर्नुपर्छ । |
| | | **१७.माधवप्रसाद घिमिरे**<br>-कृष्ण माविमा विद्यालयको नतिता शुन्य भयो, सुधारको पहल गर्नुपर्छ ।<br>-बसाई सराईलाई रोक्नुपर्छ ।<br>-धुलिखेल अस्पतालमा स्वास्थ्य विमा लागुगर्नुपर्छ । |
| | | **१८.याममाया राना**<br>-अमरज्योती आमा समुहको भवनलाई बजेट विनियोजन गर्नुपर्छ । |
| | | **१९.रुममाया श्रेष्ठ**<br>-एक घर एक धारा योजना पुरा हुनुपर्छ । |
| | | **२०. गंगाराम कुमाल**<br>-विभिन्न वडामा सार्वजानिक सुनुवाई र खेलकुँदका कार्यक्रम हुनुपर्छ ।<br>-कालिगन्डकी डाइभर्सन योजना रोक्न कालिगन्डकी नदीमा ऱ्याफि्टङ योजना सन्चालन गर्नुपर्छ ।<br>-कालिगन्डकी डाइभर्सन योजना रोक्न गाउँपालिकाले अन्य पालिकाहरुसँग समन्वय र छलफल गर्नुपर्छ ।<br>-कालीगन्डकीमा मोटरेवल पुल सम्पन्नमा  ढिलाई भईरहेको छ ।<br>-जनप्रतिनिधि तथा शिक्षकका छोराछोरीलाई सरकारी विद्यालयमा अनिवार्य रुपमा पढ्ने व्यवस्था हुनुपर्छ । |
| | | **२१. सुमनकुमार श्रेष्ठ** |

| | | |
|---|---|---|
| | | -कोल्ड स्टोर्स कहिलेबाट सन्चालन हुन्छ ?<br>-अत्रौलीटारको औद्योगिक ग्राम कहिलेबाट सन्चालन हुन्छ ?<br>-करुवाटार सिंचाई योजनामा थ्रि फेजको लाइन नजोड्दा उक्त योजना त्यसै खेर जाने भयो ।<br>-सुकुम्बासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने प्रक्रिया कहाँ पुग्यो ? |
| | | **२२.इन्द्रबहादुर थापा**<br>-वडा कार्यालय नजिकै एउटा सभाहल बनाउनुपर्छ ।<br>-पुट्टारको पुल सम्पन्न गर्नकोलागि दवाव दिनुपर्छ ।<br>-कालीगन्डकी प्राविधिक शिक्षालय स्थानीय विद्यार्थीलाई पढ्ने वातावरण बनाउनुपर्छ ।<br>-बसाई सराई रोक्नुपर्छ ।<br>-गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको उपलब्धता हुनुपर्छ । |
| | | **२३. विष्णुभक्त सिग्देल**<br>-मास्टर प्लान गरेर विकासको काम गर्नुपर्छ ।<br>-शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनको क्षेत्रमा विशेष काम गर्नुपर्छ ।<br>-१० बर्षमा नमुना गाउँपालिका बनाउने गरि काम गर्नुपर्छ ।<br>-शालिग्राम करिडोर अहिले ठप्प भएको छ, गाउँपालिकाले गौरबको योजनाको रुपमा समावेश गरेर काम गर्नुपर्छ ।<br>-कृष्णमार्गको मुद्धाको बारेमा चासो लिनुपर्छ ।<br>-कालीगन्डकी डाईभर्सनको योजना रोक्न चासो लिनुपर्छ ।<br>-कालिगन्डकी जोगाउन बृहत अन्तरक्रिया गरिनुपर्छ । |
| **१७** | **जवाफ तथा जिज्ञासा समाधान** | १.कृष्णप्रसाद रिमालः स्वास्थ्य शाखा प्रमुख<br>२.रविचन्द्र घोरासिनीः वडा अध्यक्ष, वडा नम्बर १<br>३.राधादेवी अधिकारीः उपाध्यक्ष गाउँपालिका<br>४.कृष्णप्रसाद ढकालः प्रमुख प्रशासकीय अधिकृत<br>५.होमबहादुर थापाः अध्यक्ष गाउँपालिका |
| **१८** | **सहभागीलाई धन्यवाद सहित कार्यक्रम समापन** | गाउँपालिकाका अध्यक्षः होमबहादुर थापाबाट |

आयोजक: घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय घिरिङ, तनहुँ

कार्यक्रम: सार्वजनिक सुनुवाई कार्यक्रम (घिरिङ गाउँपालिका द्वारा आ.व. ०८१/०८२ को दोस्रो चौमासिकमा सम्पादित कार्यक्रममा विकास आयोजना, सुशासन तथा सेवा प्रवाह सम्बन्धमा)

मिति: २०८१-चैत्र २२ गते शुक्रवार

स्थान: घिरिङ गा.पा. वडा नं. १ को कार्यालय, पुहार, तनहुँ

सहजकर्ता: लोकवाणी पब्लिकेशन प्रा.लि. तनहुँ।

अध्यक्षता: घिरिङ गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

उपस्थिति:

घिरिङ गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा
" " उपाध्यक्ष श्री राधादेवी अधिकारी
" " प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद कोइराला
पूर्व गाउँपालिका अध्यक्ष श्री रत्न बहादुर राना
" " उपाध्यक्ष श्री सरस्वती सिग्देल
वडा नं. १ अध्यक्ष श्री रविन्द्र घोरासिनी
वडा नं. २ अध्यक्ष श्री नर बहादुर थापा
वडा नं. ३ अध्यक्ष श्री तहल सिं थापा
वडा नं. ४ अध्यक्ष श्री भिम बहादुर कुमाल
वडा नं. ५ अध्यक्ष श्री विष्णु बिर आले
कार्यपालिका सदस्य श्री डम्बर [illegible]
" " श्री पार्वती वि.क.
" " श्री रिमा कुमाल
" " श्री सरिता वि.क.
" " श्री टोप बहादुर रामदाम
" " श्री भुवन सिं वि.क.
१ वडा सदस्य श्री मिना आले
" " श्री लक्ष्मी सुनार
" " श्री माधव चन्द
" " श्री जगत बहादुर कुमाल
२ " " श्री सनम थापा
२ " " श्री सुक माया सुनार रामदाम
२ " " श्री धन बहादुर राना

क्रमशः

Date: १८/१२/२२
Page: पाना-२

२ वडा सदस्य श्री आशा बहादुर थापा
२ " श्री मनिराज थापा
" श्री लोक बहादुर गुरुङ
" श्री शक्ति थापा
" श्री मन बहादुर रानामगर
५ " श्री कमल थापा
" श्री निर्मला वि.क.
" श्री दिलु थापा
" श्री मनराम थापा
प्रमुख कार्यक्रम संचालक: श्री प्रकाश चन्द्र भट्टराई
गाउँपालिका प्रेस सल्लाहकार श्री अन्जान परियार
पत्रकार : श्री कृषिकान्त ढकाल
राष्ट्रिय महाधिवेशन प्रतिनिधि ने.क.पा. एमाले श्री बिष्णु मल्ल
महाधिवेशन प्रतिनिधि (नि.क.) श्री ओमराम कुमाल
ने.क.पा. माओवादी केन्द्र प्रदेश सदस्य श्री हरिहर अधिकारी
ने.क.पा. एमाले जिल्ला कमिटि सचिवालय सदस्य श्री इन्द्र बहादुर थापा
ने.का. जिल्ला कमिटि सदस्य श्री पशुपति पौडेल
ने.का. एक कार्य समिति सदस्य श्री रघुनाथ लम्साल
ने.का. क्षेत्रीय सदस्य नेत्री श्री लक्ष्मी माया बस्ताकोटी
ने.क.पा. एमाले घिरिङ गा.अध्यक्ष श्री सुमन कुमार श्रेष्ठ
ने.क.पा. माओवादी गाउँ क. श्री रामजी क्याल
वडा न. प्राविधिक घिरिङ बन
ई. अर्पन अर्याल
पशु सेवा प्राविधिक मनोज श्रेष्ठ
सब-ई मदन गुरुङ
अमृत कुमार श्रेष्ठ प्रधान प्रशासकीय अधिकृत गा.पा.
राधे रायदार कृषि प्रसार अधिकृत, घिरिङ गा.पा.
अ.सरोज साह (न्यायिक सहजकर्ता, घिरिङ गा.पा.)
प्रकाश घिमिरे (अध्यक्ष कृषक समिति)
कृष्ण प्रसाद रेग्मी स्वास्थ्य शाखा प्रमुख
विष्णु माया घिमिरे
मिता गैह्र
शान्ति वास्तोला
क्रमश

Date ०८।१२।२२
Page ४

रिजोराम भट्टराई रिजोराम घिरिङ १ पुहार
श्रीमा भट्टराई श्रीमाई — " —
कुन्ती राज वालावी [illegible] १ अर्याल
[illegible] तिर्थ बहादुर कुमाल [illegible]
युवराज पोख्रेल [illegible]
इस्की देवी अर्याल इस्की देवी
सुनिता सिग्देल सुनिता
धन मायाँ वि.क पुहार
सुनिल सिग्देल [illegible] पुहार
धन बहादुर राना घिरिङ गा.पा - २ वडा सदस्य [illegible]
लाल बहादुर मगर " " - १ [illegible] मगर
लाल बहादुर कुमाल " " - १ [illegible]
खड्ग बहादुर थापा (राजु) " " - १ [illegible]
डोल राज अर्याल " " - १ डोलराज
मणि प्रसाद खनाल " " - १ [illegible]
खुम बहादुर कुमाल " " - १ [illegible]
कृष्ण परियार " " - १ [illegible]
धमन सिं सुनार " " - १ पुहार [illegible] थ मन सिं
मनराम थापा घिरिङ ४ वडा सदस्य [illegible]
स्कृता खनाल १ [illegible] स्कृता
इन्दिरा देवी खनाल
सरिता खनाल Savita
गोमा श्रेष्ठ गोमा
हिरामान श्रेष्ठ हिरामान श्रेष्ठ
सरिता ढकाल [illegible]
कमला थापा
होम बहादुर थापा [illegible]
चन्द्र बहादुर नेपाली [illegible]

क्रमशः

Date 08/9/2079
Page 8

लक्ष्मी थापा — लक्ष्मी.

हेमकली सिग्देल

धर्म मायाँ थापा — धर्ममायाँ

५ नम्बर कमला प्र. अधिकारी

सूर्य ब० कार्की

कमल माल

नरनाथ सिग्देल

तारा बा कुमार

सोराम खनाल

हरिभक्त खनाल

केशकान्त दै

केशव राज सिग्देल

५.अ निराम महतो — निराम महतो

१.ना.नि. सागर राना

लोकनाथ सिग्देल

गुणानिधि सिग्देल अध्यक्ष, १ छिटि.

श्याम बहादुर थापा, छिटि.-१ सदस्य

श्याम कुमार श्रेष्ठ छिटि -१ सदस्य

दामोदर पौडेल छिटि -१ अध्यक्ष

केशवराज पौडेल छिटि. १ वडा

शम्भु नाथ सिग्देल

जी ५ वा रिसर्भ

कोष राज थापा मगर

सिद्ध कला अध्यक्ष

नारायण प्रसाद सिग्देल

पशुपति सिग्देल

पुष्पलाल खनाल

छि डि. १. गंगा राम खनाल

सुमन कुमार

क्रमशः

बाडगाउ मङ्गल बैठी

संयोजक श्री राम प्रसाद ढकाल

**अनुसुची ३.**

**नागरिक सर्वेक्षण विधि**

कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाई गर्नु पुर्व विभिन्न वडा र गाउँपालिकाको कार्यालयमा आएका ५० जना नागरिक र सेवाग्राहीसँग विभिन्न विषयमा सर्वेक्षण गरिएको थियो ।

**नागरिक प्रतिबेदन**

सार्वजानिक सुनुवाईको कार्यविधि अनुसार घिरिङ गाउँपालिकाको विभिन्न वडा र गाउँपालिकाको कार्यालयमा आउनु भएका सेवाग्राही तथा अन्य वडाबासीहरुसँग प्रतक्ष्यरुपमा कुराकानी गरि नागरिक प्रतिबेदन तयार गरिएको छ ।

नागरिक प्रतिबेदन भन्नाले सेवाग्राही नागरिकले सेवा लिँदा प्रतक्ष्यरुपमा देखेका र भोगेका कुराहरुलाई समेटेर तयार गरिएको प्रदिबेदन हो । कम्तीमा ५० जना नागरिकसँग प्रतक्ष्यरुपमा कुराकानी गरिएको थियो । यसमा महिला, दलित, जनजातीलाई उल्लेख्य रुपमा समेटेर प्रतिबेदन तयार गरिएको थियो ।

**नागरिक अभिमत प्रतिबेदनमा सहभागीहरुको संख्या**

| सहभागीको संख्या | महिला | पुरुष |
|---|---|---|
| ५० | ३५ | १५ |

**नागरिक प्रतिबेदनमा समावेश प्रश्न र नागरिकको जवाफ** (जनामा)

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टी पाउनु भयो ?

क) सन्तुष्ट (१७) ख) ठीकै (२६) ग) असन्तुष्ट (७)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट (२५) ख) ठीकै (१८) ग) असन्तुष्ट (७)

**२. सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेका समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट (२०) ख) ठीकै (२२) ग) असन्तुष्ट (८)

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त (२२) ख) ठीकै (१९) ग) विश्वास छैन (९)

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?
क) तिरेको छैन् **(५०)** क) एकदमै कम ख) धेरै तिरेको

२.४ यस कार्यालय सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ?
क) १ दिन **(१९)** ख) २ दिन **(२१)** ग) धेरै दिन **(१०)**

## ३. सेवाप्रतिको जनविश्वास

३.१ यस कार्यालयले दिने सेवा प्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?
क) विश्वस्त **(२८)** ख) ठीकै **(१८)** ग) विश्सास छैन (४)

३.२ यस कार्यालयले प्रदान गरेका सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्न भएको छ ?
क) धेरै **(१२)** ख) ठीकै **(२२)** ग) गरेको छैन **(१६)**

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कतिको छ ?
क) धेरै **(१८)** ख) ठीकै **(३२)** ग) गरेको छैन **(०)**

३.४ यस कार्यालयले विपन्न वर्गका लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?
क) छ **(१६)** ख) छैन **(१९)** ग) अलिकति थाहा छ **(१५)**

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
क) सन्तुष्ट **(२५)** ख) कम सन्तुष्ट **(१५)** ग) असन्तुष्ट **(१०)**

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुहुन्छ ?
क) आफैं **(३५)** ख) गाउँका ठूला बडाको **(१५)** ग) मध्यस्तकर्ताको **(०)**

४.३ यस कार्यालयमा तपाईले एउटा कामका लागि कति पटक धाउनु पऱ्यो ?
क) १ पटक **(२७)** ख) २ पटक **(७)** ग) सो भन्दा बढी **(१६)**

## ५. सेवा सम्बन्धि जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?
क) अति राम्रो **(२४)** ख) ठीकै **(२६)** ग) नराम्रो

५.२ कार्यालयमा भएका नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?
क) छ **(१३)** ख) आंशिक जानकारी छ **(२०)** ग) कुनै जानकारी छैन **(१७)**

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?
क) अति राम्रो **(१५)** ख) ठीकै **(३२)** ग) खासै राम्रो छैन (३)
५.४ गाउँपालिकामा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सिमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?
क) २० प्रतिशत जति **(१९)** ख) ५० प्रतिशत **(८)** ग) थाहा छैन **(२३)**

**६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासा सुन्न अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

क) धेरै **(१६)** ख) कम **(२३)** ग) गरेको छैन **(११)**

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

क) धेरै (१२) ख) ठीकै **(३२)** ग) अति कम **(६)**

६.३ तपाईको विचारमा उजुरी पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?

क) धेरै भएको छ **(८)** ख) ठीकै भएको छ **(२९)** ग) भएकै छैन **(१३)**

**१. सिफारिस सम्बन्धि**

१.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?

क) पाए **(२७)** ख) ठीकै पाए **(१९)** ग) स्पष्ट पाइन (४)

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपर्‍यो ?

क) दिए ख) थोरै दिए ग) मागिएन र दिइएन पनि **(५०)**

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

क) आफै **(३५)** **ख)** मध्यस्तकर्ता वा कार्यालयकै मान्छे (१५) ग) नेता वा ठूलाबडा

**२. पूर्वाधार तथा सरसफाइ सम्बन्धि**

२.१ कार्यालयमा सरसफाइको अवस्था कस्तो छ ?

क) राम्रो **(१८)** ख) ठीकै **(२५)** ग) खराब (७)

२.२ कार्यालयमा सरसफाइ सम्बन्धि गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

क) तुरुन्तै हुन्छ **(२८),** ख) एक पटक भनेपछि मात्र हुन्छ **(१५),** ग) जति भने पनि हुन्न (७)

२.३ तपाईको विचारमा गाउपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धि कार्यक्रम के कस्ता किसिमले गर्छ ?

क) राम्रो ख) ठीकै **(५०)** ग) खराब

२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको अवस्था कस्तो छ ?

क) राम्रो **(१०)** ख) ठीकै **(३४)** ग) खराब **(६)**

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन ?

क) प्रभावकारी छन् **(१९)** ख) ठीकै छन् **(२३)** ग) प्रभावकारी छैनन् (८)

२.६ योजनाको बिल भूक्तानी दिने व्यवस्था कस्तो छ ?

क) सहज **(१२)** ख) ठीकै **(२६)** ग) अप्ठयारो **(१२)**

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

क) पर्दैन **(१००)** ख) मागेरै लिन्छन ग) रकम नदिए अप्ठ्यारो पार्छन

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?
क) सजिलै पाइयो **(१९)** ख) कहिले काही पाइयो **(२७)** ग) माग गर्दा पनि पाइएन (४)

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु भएको छ ?
क) सजिलै पाइन्छ **(१८)** ख) सोधेपछि पाइन्छ **(२६)** ग) सोधे पनि पाइएन (३)

२.१० योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनुभएके छ ?
क) धेरै सहयोग पाएको छ **(८)** ख) ठीकै सहयोग पाएको छ (४२) **ग)** निरुत्साहित गरिन्छ

३.१ गाउँपालिकाको आर्थिक श्रोत कस्तो छ ?
क) आवश्यक श्रोत उपलब्ध **(०)** ख) कम श्रोत उपलब्ध **(३३)** ग) अति कम श्रोत (१७)

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?
क) अति सरल **(९)** ख) ठीकै **(३१)** ग) जटिल **(१०)**

३.३ कार्यालयमा भएका कर्मचारीहरुको सीप कस्तो छ ?
क) आवश्यक सीप छ **(३७)** ख) आवश्यकता भन्दा कम छ **(१३)** ग) सीप निकै कम छ

३.४ गाउँपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
क) टाँसेको देखेको छु (१०) ख) कहिले काँही टाँसेको देखिन्छ **(९)** ग) खै कतै देखिएन **(३१)**

**प्रतिबेदन तयार पार्ने**

**प्रकाशचन्द्र भट्टराई**

**अध्यक्षः लोकवाणी पव्लिकेशन प्रालि.**